# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
# शाखा कार्यालय महेन्द्रनगर

## सार्वजनिक जग्गाको अतिक्रमण हटाउने तथा सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी सूचना

मिति : २०८०।०९।२६

मिति २०८०।०९।२३ गते जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा जिल्ला स्थित विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू एवं सुरक्षा निकायका प्रमुखज्यूहरू समेतको सहभागितामा बैठक बसी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको च. नं. १२२ मिति २०८०।०९।१७ को पत्र मार्फत उक्त कार्यालयको स्वामित्वमा रहेको कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. ४ महेन्द्रनगर बसपार्कमा अवस्थित कि. नं. १६७३ र १०४ क्षेत्रफल १–७–१२ बिगाह जग्गा र सोमा रहेका टहरामा बसेका व्यवसायीहररूले लामो समयदेखि भाडा नतिरी बसिरहेका र पटक पटक विभिन्न प्रयास गर्दा पनि अटेर गरी बसेको र अन्तिम पटकको लागि २०८०।०९।२२ गते सम्म नियमानुसार वहाल सम्झौता गरिसक्न वा सटरहररू खाली गरिदिन सूचना टाँस गरिसक्दा पनि अटेर गरी बसेको भन्ने व्यहोरा जानकारी हुन आएकोले सो विषयमा व्यापक छलफल गरियो। यसरी सम्बन्धित कार्यालयले पटकपटक विभिन्न प्रयास गरी नियमानुसार सम्झौताका लागि अनुरोध गर्दा पनि अटेर गरी बस्नुका साथै निजहररूको उक्त कार्यवाट सार्वजनिक जग्गा सहित सार्वजनिक सम्पत्तिको अतिक्रमण हुन गएको देखिएकाले उक्त सटर/टहराको बुझाउन बाँकि भाडा रकम बुझाउन तथा अब उप्रान्त पसल आवश्यक नपर्ने भए टहरा छोडेर जान ७ दिनको समय दिने। सो समयभित्र उपरोक्त वमोजिम नगरे कम्पनीले सुरक्षा निकायसँग समन्वय गरी उक्त स्थानवाट हटाई सम्पत्ति संरक्षण/व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने निर्णय भएको हुँदा सोही अनुसार हुने व्यहोरा सम्वद्ध सरोकारवालाहररूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
शाखा कार्यालय महेन्द्रनगर
फोन नं. ०९९–५२१३१०

CamScanner